## ४१ औं सामाजिक सेवा दिवसको अवसरमा प्रदान गरिने पुरस्कारको सम्बन्धमा सामाजिक संघसंस्था तथा समाज सेवीहरुलाई विवरण पेस गर्न म्याद थप गरिएको समाज कल्याण परिषद्को सूचना ।

<u>पुन : सूचना प्रकाशित मिति :२०७७।७।१६</u>

४१ औं सामाजिक सेवा दिवसको अवसरमा प्रदान गरिने तुलसी मेहर समाज सेवा पुरस्कार र समाज सेवी पुरस्कारको छनौटको प्रयोजनार्थ सामाजिक संघ-संस्था र समाज सेवीले आफूले गरेको योगदान सहितको विस्तृत विवरण मिति २०७७।६।६ गते गोरखापत्रमा सूचना प्रकाशित गरी १५ दिनको म्याद दिइएकोमा उक्त अवधि भित्र पर्याप्त मात्रामा विवरणहरु प्राप्त हुन नसकेकोले पुन : ७ (सात) दिनको म्याद थप गरी सामाजिक संघ-संस्था तथा समाजसेवीहरुलाई विवरण पेस गर्न आव्हान गरिएको छ । ७ (सात) दिनको म्यादको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समयभित्र विवरण पेस गर्न सकिनेछ । यस सम्बन्धी शर्त सहितको विस्तृत जानकारी परिषदको वेभसाईट www.swc.org.np मा र २०७७।६।६ मा प्रकाशित सूचनाबाट समेत जानकारी प्राप्त गर्न सकिने छ ।

समाज कल्याण परिषद
इमेल : info@swc.org.np
वेवसाईट www.swc.org.np
फोन नं.०१५५५५४४८, ५५५५४९४
हरिहरभवन, ललितपुर ।
पो.व.नं.२९४८, काठमाण्डौ ।

# समाज कल्याण परिषद्

## ४१ औं सामाजिक सेवा दिवसका सन्दर्भमा सामाजिक संघ-संस्था तथा समाजसेवीहरुलाई प्रदान गरिने पुरस्कारको लागि आवश्यक शर्तहरु

**१.संस्थाको हकमा** :

(क) जिल्ला प्रशासन कार्यालयमा नवीकरण भएको, समाज कल्याण परिषदमा आवद्ध भई नियमित प्रतिवेदन वुझाएको ।

(ख) स्थानीय स्रोत र साधनको अधिकतम् परिचालन गरी विकृति, विसङ्गति विरुद्ध सामाजिक सुधार र रुपान्तरणका लागि विगत १५ बर्षदेखि योगदान पुऱ्याएको ।

(ग) महिला,वालवालिका, अपाङ्ग, ज्येष्ठ नागरिक,अशक्त, असहाय, विपन्न, उत्पीडित वर्ग, क्षेत्र तथा समुदाय र सामाजिक रुपान्तरणका पक्षमा उत्कृष्ट योगदान पुऱ्याएको हुनुपर्ने ।

२. **व्यक्तिको हकमा :**

सामाजिक परिवर्तनका लागि विभेद, अन्याय, कुरीति र विसङ्गति विरुद्ध सामाजिक सेवा र दिगो विकासमा विशिष्ट योगदान पुऱ्याएको हुनुपर्नेछ ।

३.संस्था/व्यक्तिको सम्बन्धमा कुनै विवादमा नपरेको हुनुपर्नेछ ।

समाज कल्याण परिषद्
इमेल info@swc.org.np
वेवसाईट www.swc.org.np
फोन नं.०१५५५५४४८, ५५५५४९४,
हरिहरभवन, ललितपुर ।

समाज कल्याण परिषद् ★ Social Welfare Council ★ २०४९